# स्थानीय राजपत्र

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९) सुन्दरबजार, साउन २७ गते, २०८२ साल (संख्या ६)


## भाग २

### सुन्दरबजार नगरपालिकाको प्रसूति गराउन स्वास्थ्य संस्थामा जाँदा एम्बुलेन्स सेवा खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना** : प्रसूति गराउन जिल्ला भित्रका स्वास्थ्य संस्थामा जाँदा एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराउने सुन्दरबजार नगरपालिकाको दशौं नगरसभाको निर्णय बमोजिम यस नगरपालिकाका प्रसूति हुने महिलाहरुलाई दिइने स्वास्थ्य सेवा सम्बन्धी सुविधा तथा प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउने तथा स्वास्थ्य संस्था बाहिर हुने असुरक्षित प्रसूतिलाई बिस्तारै घटाउँदै शुन्यमा झार्ने उद्देश्यले सुन्दरबजार नगर कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि निर्माण गरेको छ ।

# परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

१. यस कार्यविधिको नाम "सुन्दरबजार नगरपालिकाको प्रसूति गराउन स्वास्थ्य संस्थामा जाँदा एम्बुलेन्स सेवा खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२" रहेको छ । छोटकरीमा यसलाई "प्रसूति एम्बुलेन्स सेवा कार्यविधि, २०८२" भनिनेछ ।

२. यो कार्यविधि सुन्दरबजार नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

३. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"एम्बुलेन्स सेवा सुविधा"** भन्नाले प्रसूति गराउने प्रयोजनका लागि गर्भवति महिलालाई स्वास्थ्य संस्था सम्म आवत जावत गराउने सुचिकृत एम्बुलेन्स वा अन्य सवारी साधनलाई सम्झनु पर्छ ।

ख) **"नगरकार्यपालिकाको कार्यालय"** भन्नाले सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

ग) **"नगरपालिका"** भन्नाले सुन्दरबजार नगरपालिकालाई सम्झनुपर्छ ।

घ) "लाभग्राही" भन्नाले जिल्ला भित्रका अस्पताल तथा बर्थिङ्ग सेन्टरमा २०७९ श्रावण १ गते वा सो भन्दा पछि प्रसूति गराइएका सुन्दरबजार नगरपालिका भित्र बसोबास गर्ने सुत्केरी महिलाहरुलाई सम्झनु पर्छ ।

ङ) **"वडा कार्यालय"** भन्नाले सुन्दरबजार नगरपालिकाका वडा कार्यालयहरुलाई सम्झनुपर्छ ।

# परिच्छेद २
## एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराउने प्रक्रिया

**३. <u>एम्बुलेन्स सेवाको रकम भुक्तानी</u> सम्बन्धी व्यवस्था : (१)** लमजुङ्ग जिल्ला भित्रका वा रिफर भई जिल्ला बाहिरका बर्थिङ्ग सेन्टर तथा अस्पतालहरुमा प्रसूति गराए बापत एम्बुलेन्स सेवा खर्च पाउनको लागि सम्बन्धित महिलाको नेपाली नागरिकता/जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि, बर्थिङ्ग सेन्टर वा अस्पतालले जारी गरेको जन्म प्रमाणपत्रको प्रतिलिपि, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, एम्बुलेन्स/सवारी भाडा तिरेको रसिद वा भर्पाइ संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पश्चात निवेदन र संलग्न कागजातको आवश्यक जाँचबुझ गरी वडा कार्यालयले एम्बुलेन्स सेवा बापत दफा (४) बमोजिम प्राप्त हुने रकम उपलब्ध गराउने छ ।

(३) उपदफा (२) बमोजिम वडा कार्यालयले भुक्तानी गरेको रकम नगरकार्यपालिकाको कार्यालयमा सोधभर्ना माग गर्नुपर्नेछ ।

**४. लाभग्राहीले पाउने एम्बुलेन्स सेवा बापत खर्च : (१)** यस नगरपालिकामा बसोबास गर्ने गर्भवती महिलाहरुले स्वास्थ्य संस्थामा प्रसूति गराउन जाँदा एम्बुलेन्स सेवा खर्च बापत नगद रु २,०००। (अक्षरेपी दुई हजार मात्र) प्राप्त गर्ने छन् ।

## परिच्छेद ३
## विविध

**५. अभिलेख :** वडा कार्यालयले अनुसूची २ बमोजिम वडागत अभिलेख तयार गरी त्रैमासिक रुपमा स्वास्थ्य शाखामा पठाउनु पर्नेछ। स्वास्थ्य शाखाले एकिकृत एम्बुलेन्स सेवा नि:शुल्क उपलब्ध गराएको लाभग्राहीको अभिलेख अनुसूची-२ बमोजिम अद्यावधिक गरेर राख्नुपर्नेछ ।

**६. पारदर्शीता कायम गराउने :** भुक्तानी गरेको रकम र लाभग्राहीको नामावली त्रैमासिक रुपमा नगरपालिकाको सूचना पाटीमा टाँस गर्नुपर्नेछ तथा सोको जानकारी नगरपालिकाको वेबसाईटमा समेत राख्नु पर्नेछ ।

**७. बाधा अड्काउ फुकाउने :** यो कार्यविधि कार्यन्वयनमा बाधा अड्काउ परेमा नगर कार्यपालिकाको निर्णय बमोजिम बाधा अड्काउ फुकाउन सकिनेछ ।

**८. खारेजी र बचाउ :** (१) सुन्दरबजार नगरपालिकाको प्रसूति गराउन स्वास्थ्य संस्थामा जाँदा एम्बुलेन्स सेवा नि:शुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ खारेजी गरीएको छ ।

(२) सुन्दरबजार नगरपालिकाको प्रसूति गराउन स्वास्थ्य संस्थामा जाँदा एम्बुलेन्स सेवा नि:शुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची १
(दफा ३ सँग सम्बन्धित)

**प्रसूति गराउन जाँदा एम्बुलेन्स सेवा वापत खर्च प्राप्त गर्नका लागि दिइने निवेदनको ढाँचा**

मिति: ..............

**विषय: प्रसूति गराउन जाँदा एम्बुलेन्स सेवा वापत खर्च पाऊँ भन्ने सम्बन्धमा ।**

श्री वडा अध्यक्ष ज्यू,
वडा नं .... को कार्यालय,
सुन्दरबजार नगरपालिका, लमजुङ्ग

प्रस्तुत विषयमा सुन्दरबजार नगरपालिका वडा नं. ....गाँउ/टोल.................. स्थायी ठेगाना भएको ...वर्षको .........राष्ट्रिय परिचयपत्र नं./नागरिकता प्रमाणपत्र नं/जन्मदर्ता प्रमाणपत्र नं भएको म ..........................सुत्केरी गराउन ...........स्वास्थ्य संस्था जाँदा पाउने एम्बुलेन्स सेवा खर्च बापतको रकम प्राप्त गर्नको लागि म स्वयं उपस्थित भई/मेरा .................. नाताका ............. मार्फत यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातको सूची :**

१. नेपाली नागरिकता/जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
२. बर्थिङ्ग सेन्टर वा अस्पतालले जारी गरेको जन्म प्रमाणपत्रको प्रतिलिपि ।
३. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. वडा कार्यालयको सिफारिस ।
५. एम्बुलेन्स भाडा तिरेको रसिद वा भर्पाइ ।

**निवेदक/नातेदारको**
हस्ताक्षर :
नाम थर:
ठेगाना:
नातेदार भए नाता सम्बन्ध :
सम्पर्क मोबाइल नं.

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

अनुसूची २
(दफा ५ सँग सम्बन्धित)

**एम्बुलेन्स सेवा खर्च पाउने लाभग्राहीहरुको अभिलेख राख्ने ढाँचा**

**साल :** **महिना :**

| क.स. | लाभग्राही/नातेदारको नामथर | नातेदार भए नाता सम्बन्ध | ठेगाना | मिति | बथिङ्ग सेन्टर वा अस्पतालको नाम | एम्बुलेन्सको नम्बर | नागरिकता नं. | उपलब्ध गराएको रकम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

*प्रमाणीकरण मिति : २०८२/०४/२७*

**आज्ञाले**
**रमेश घर्ति**
**नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत**

**सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित । मूल्य रु १०।-**

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित